१८४१।४२

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

<u>आदेश</u>

मु.नं. २३९/२०७०/०७१

निर्णय नं. ४२

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स. बस्ने शारदा भुषाल (झा) ........................१ } पुनरावेदक

<u>विरूद्ध</u>

गा.वि.स. सचिव, बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरी ............................१ } विपक्षी

विषय :- <u>सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।</u>

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स. बस्ने शारदा भुषाल (झा)ले बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१२।१२ मा पुनरावेदन गरेको । प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट मिति २०७०।१२।२४ मा माग बमोजिम सूचना उपलब्ध गराउन आदेश भएको । उक्त आदेश कार्यान्वयनको सम्बन्धमा च. नं. ७९८ मिति २०७०।१२।२४ को पत्र मार्फत सूचना उपलब्ध गराउन बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीलाई लेखी गएको । तत् पश्चात पुनरावेदकले मिति २०७१।०२।०२ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराएको भनी पुन: उजुरी/निवेदन गरेको । उक्त उजुरी/निवेदन प्राप्त भए पछि आयोगबाट बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीका गा.वि.स. सचिवका नाममा मिति २०७१।०२।२२ मा आदेश भएको । उक्त आदेश कार्यान्वयनको सम्बन्धमा च. नं. १०४२ मिति २०७१।०२।२२ को पत्रबाट लेखी गएको । आयोगबाट प्रेषित मिति २०७१।०२।२२ को आदेश पश्चात पनि बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुन: मिति २०७१।०३।३१ मा उजुरी गरेको । पुनरावेदकको उक्त उजुरी प्राप्त भए पछि आयोगबाट बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीको नाममा पुन: मिति २०७१।०५।२९ मा भएको आदेश कार्यान्वयनको लागि च. नं. २१८ मिति २०७१।०५।२९ को पत्र प्रेषित गरेको । तत् पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी मिति २०७१।११।२७ मा पुन: उजुरी गरेको । उक्त उजुरी/पुनरावेदनको सम्बन्धमा यस आयोगको च. नं. १५२८ मिति २०७२।०३।२१ को पत्रबाट आदेश कार्यान्वयनको ताकेता लेखी गएको । तत् पश्चात पनि उक्त गा. वि. स.ले माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी मिति २०७२।०९।२१ मा पुन: उजुरी/पुनरावेदन गरेको । सो पुनरावेदनको सम्बन्धमा यस आयोगको च. नं. १५१७ मिति २०७३।०३।२७

को पत्रबाट पुन: ताकेता लेखी गएको । तत् पश्चात पनि उक्त गा. वि. स.को कार्यालयले माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी मिति २०७३।०४।२४ मा पुन: उजुरी गरेको । तत् पश्चात यस आयोगको च. नं. ११९ मिति २०७३।०४।२४ मा माग बमोजिमको सूचना उपलब्ध नगराएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिमको कारबाही प्रकिया अगाडि बढाईने व्यहोराको पत्र प्रेषित गरेको । तत् पश्चात बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीको च. नं. २१ मिति २०७३।०५।०८ र च. नं. २७ मिति २०७३।०५।२१ को पत्र मार्फत उक्त कार्यालयमा कुनै आ. ब. को कागजात नरहेको र साबिक गा. बि. स. सचिबले हालसम्म कुनै कागजात बर बुझारथ नगरेको भन्ने लेखी आएको र यस सूचनाको बोधार्थ निज पुनरावेदकलाई पनि दिईएको । साथै निज पुनरावेदकले सो पत्रको प्रतिलिपि बुझी लिई लगत कट्टा गरिदिन लिखित अनुरोध समेत गरेकाले यसमा थप केही गर्नु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असोज १२ गते रोज ४ शुभम् ।